जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २५३ २०८२ साल बैशाख २९ गते सोमबार (12 May 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हिमाल पग्लिनुमा कसको ... ३ पृष्ठमा : सवारीसाधन अनुमपतिपत्र ... ३ पृष्ठमा : कश्मीरमा ट्रम्पको मध्यस्थता ...

# हटियाको जग्गा पुन: अतिक्रमण





**नवीनकुमार गुप्ता**
**राजविराज, २८ बैशाख ।**

राजविराज नगरपालिकास्थित हटिया बजार तथा आसपासका क्षेत्रहरुमा पुन: सार्वजनिक जग्गा अतिक्रमण हुन थालेको छ । वि.स. २०८० साउन १२ गते नगरपालिकाले अतिक्रमित जग्गा डोजर चलाएर खाली गराएको थियो । वर्षौंदेखी स्थानीयले हटियाको जग्गा अतिक्रमण गरेर भोगचलन गर्दै आएका थिए ।

नगरपालिकाले प्रहरीको सहयोगमा हटियाको चारैतिर १०/१० फिट अतिक्रमण गरि बनाइएका घर, टहरा र पसल लगायतका भौतिक संरचना हटाएको थियो । त्यतिबेला राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिन, वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी तथा ठूलो संख्या सशस्त्र र नेपाल प्रहरीको उपस्थितिमा तीन वटा डोजरको प्रयोग गरि अतिक्रमण गरि बनाइएका भौतिक संरचना हटाइएको थियो । तर अहिले पुन: ती जग्गा अतिक्रमण भएको छ ।

नुनदेखि सुनसम्म खरीद गर्न पाइने नेपालकै ऐतिहासिक यस हटियामा आधुनिक कम्प्लेक्स निर्माण तथा व्यवस्थित बनाउने भन्दै आ.व. २०७७/७८ मा तत्कालिन राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादवको पालामा खाली गराइएको थियो । सो समयमा हटिया लगाइने स्थान मात्र खाली गराई निर्माण कार्य सुरु भएको थियो । त्यस आसपासका अतिक्रमित जग्गा भने २०८० साल साउन १२ गते डोजर चलाएर खाली गराइएको थियो ।

हटिया खाली गराएको झण्डै पाँच वर्ष बितिसक्दा पनि हटियाको पुर्ननिर्माणको काम अझै सम्पन्न हुन सकेको छैन् । निर्माण कार्य अझै चलिरहँदा त्यहाँ बनाइएको नाला, पेटी तथा सडक समेत अहिले अतिक्रमण हुँदै गएको छ । यसरी कार्य सम्पन्न नहुँदैको अवस्थामा बनाईएको सडक, नाला, पेटी फेरी अतिक्रमणमा पर्दा सर्वसाधारणलाई आवत जावतमा कठिनाई हुँदै आएको छ ।

सडक पेटीमै दुवैतर्फ पसल थापेर व्यापार गर्न थालिएपछि साँझ पख आउजाउ गर्नमा समस्या हुँदै आएको भएपनि नगरपालिकाले त्यसलाई व्यवस्थित बनाउन सकेको छैन् ।

राजविराज नगरपालिका वडा नं. ७ का सदस्य रामानन्द देवले घरटहरा अतिक्रमण हटाएर नाला, सडक, पेटी निर्माण भएपछि पनि व्यापारीहरुले नालादेखि सडक पेटी सम्ममा पसल थाप्नु गलत भएको भन्दै अझ उनीहरुले सोही स्थानमा अस्थायी रुपमा घेरबेर गर्न समेत थालेको बताए ।

उनले यस बारे स्थानीय हटियावासीलाई सम्झाउनुका साथै नगरपालिकामा पनि जानकारी गराउँदा कुनै सुनुवाई नभएको लाचारी व्यक्त गरे ।

हटियामा अतिक्रमण गर्नेको बर्चस्व रहेको बेला राजविराजस्थित अदालत रोडमा पनि सडक पेटी अतिक्रमण गरिएको छ । उच्च अदालत जनकपुर राजविराज इजलासदेखि राममन्दिर सम्मको करिब पाँच सय मिटर बाटोमा सडकपेटी र सडक नै छेकेर फुटफाटे पसल थापेर सडक पेटी अतिक्रमण गरिएको हो ।

अदालत रोडमा पैदल यात्री हिड्नका लागि बनाइएको पेटी कतै खालि देखिदैन् । मालपोत कार्यालय सप्तरी अगाडी र त्यसको वरिपरि सडक पेटीमा होटल देखि फुटपाटे पसल र पार्किङले आवत जावतमा कठिनाई हुँदै आएको भएपनि राजविराज नगरपालिका मौन बसेको छ ।

सडकपेटीमा मात्र नभई अदालत रोडको झण्डै २५ प्रतिशत जति सडक नै छेकेर व्यापार व्यवसाय गर्न थालिएको हो । सडकपेटी र सडक नै छेकेर व्यापार गर्नेहरुमा तरकारी र फलफुल व्यवसायीदेखी चिया र नास्ता पसलेसम्म छन् । सडकमै पसल थापेपछि ओहोर दोहोर गर्ने बाटो साँघुरो हुनुका साथै दुर्घटनाको जोखिम पनि बढेको छ ।

खानेपनी मोड देखि राममन्दिर सम्मको अदालत रोडमा जिल्ला प्रशासन कार्यालय, जिल्ला हुलाक कार्यालय, कर कार्यालय, जिल्ला अदालत, वन डिभिजन कार्यालय, उच्च अदालत, मालपोत कार्यालय जस्ता सरकारी कार्यालयहरु छन् । यो सडक विदाको दिन बाहेक सधैं अदालत रोड सेवाग्राहीले भरिभराउ हुन्छ ।

एकातिर कार्यालयहरुमा आउने सेवाग्राहीहरुको चाप र अर्कोतिर हाट बजारमा दैनिक उपभोग्य सामग्री किन्न आउने उपभोक्ताको अध्याधिक भिडभाड रहने गरेको बेला सडक नै कब्जा गरेर व्यापार व्यवसाय चलाउनुले सर्वसाधारणलाई आवत जावतमा समस्या भएको स्थानीयवासी दुखा चौधरीले बताए ।

कतिपयले भोजभतेरका लागि सडकमै पण्डालले घेरवार त कसैले घर निर्माणका सामग्री थुपारि दिनाले बजार क्षेत्र नै अस्तव्यस्त बनाएको बनाएको उनको भनाई छ ।

सडकपेटी अतिक्रम हटाउन राजविराज नगरपालिका संग समन्वय गर्ने कार्य भईरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए । उनले हटियामा निर्माणधिन सपिङ्ग कम्प्लेक्सको निर्माण सम्पन्न भएर नगरपालिकालाई हस्तान्तरण भएपछि धेरै हदसम्म यो समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले सडक पेटी अतिक्रम छिट्टै हटाईने बताईन् ।"अतिक्रम भएको जनगुनासो आएको छ, नगरपालिकाले छिट्टै नै अतिक्रमण हटाएर आवागमलाई सहज बनाउने छ" परवीनले भनिन् ।

# पोखरीको सौन्दर्यकरण तथा भलुवाही खोलाको तटबन्ध निर्माण कार्य सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

राजविराज नगरपालिका ५ स्थित पोखरीको सौन्दर्यकरण तथा भलुवाही खोलाको तटवन्ध निर्माण कार्य सुरु भएको छ ।

प्रतिनिधिसभा सदस्य रन्जु ठाकुरले आइतबार पोखरीको सौन्दर्यकरण, छठ पूजाघाट निर्माण तथा भलुवाही खोलाको तटबन्ध निर्माण कार्यको शिलान्यास गरिन् ।

सांसद ठाकुरको पहलमा संघीय सरकारको पर्यटन मन्त्रालयबाट २०८१/८२ मा ९० लाखको बजेट विनियोजन गराइएपछी उक्त पोखरीको सौन्दर्यकरण र तटवन्ध निर्माणको कार्य अघि बढेको हो ।

स्थानीय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालय, शिक्षा समन्वय विकास इकाई कार्यालय तथा सरस्वती टोल निकट अवस्थित उक्त धार्मिक महत्वको पोखरीमा छठघाट र सरसफाईको अभावको साथै नजिकैबाट बग्ने भलुवाही खोलाको कटानका कारण छठपर्व लगायत विभिन्न धार्मिक गतिविधी गर्न भक्तजन तथा आसपासका बासिन्दालाई समस्या हुँदै आएपछी आफूले यसलाई व्यवस्थित गर्न आवश्यक पहल गरेको सांसद

*बाँकी अन्तिम पृष्ठमा*

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय

### गर्मीबाट बचौं

यस वर्ष गर्मी सुरुवाती महिनादेखी नै अत्यधिक छ । जलवायु परिवर्तनका असरहरू दैनिक जीवनमा प्रत्यक्ष देखिन थालेको छ । नेपालजस्तो पहाडी र तराई भूगोल भएको देशमा गर्मीको प्रभाव अझ गहिरो देखिन थालेको हो । विशेष गरी वैशाखदेखि असार महिनासम्म तापक्रम असह्य बन्दै गएको छ, जसले वृद्ध, बालबालिका, र श्रमिक वर्गमा स्वास्थ्य समस्या उत्पन्न गरिरहेको छ ।

बढ्दो गर्मीबाट बच्न हामीले व्यक्तिगत, सामुदायिक र नीतिगत तहमा उपायहरू अपनाउनु आवश्यक छ । घरबाहिर निस्कँदा टोपी, छाता, चश्मा र हल्का कपडाको प्रयोग गर्नु, प्रशस्त पानी पिउनु र दिउँसोको चर्को घाममा ननिस्कने प्रयास गर्नु उपयुक्त हुन्छ । विद्यालय र कार्यालयमा समेत गर्मी न्यूनीकरणका उपायहरू जस्तै- पंखा, चिसो पानीको व्यवस्था, र हरियाली संरक्षण गर्नु आवश्यक छ । साथै, दीर्घकालीन समाधानका लागि वृक्षरोपण, शहरी हरियाली विस्तार, सार्वजनिक स्थानहरूमा छायाँ र पानीको सुविधा, र वातावरणमैत्री जीवनशैली अँगाल्नुपर्ने समय आएको छ ।

सरकारले समेत जलवायु अनुकूलन र आपतकालीन स्वास्थ्य व्यवस्थापनमा प्राथमिकता दिनुपर्ने आवश्यकता छ । तसर्थ हामी सबैले मिलेर सानो-सानो प्रयासबाट पनि वातावरण संरक्षण गर्नेतर्फ आग्रसर होऔं ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हिमाल पग्लिनुमा कसको जिम्मेवारी ?

**एमपी यादव**

काठमाडौं, २८ वैशाख (रासस) ।

सगरमाथाको काखमा उभिएर कतारकी राजकुमारी आश्मा अलथानीले हिमालमा हिउँ हराउँदै गएको र 'हिमालमा जीवन छैन' जस्तो अनुभव भएको बताउँदा उहाँले विश्व समुदायको ध्यान जलवायु परिवर्तनका गम्भीर समस्यातर्फ खिच्नुभयो । उहाँको यो चिन्तालाई संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ मा नेपालको हिमालय क्षेत्रको भ्रमणका क्रममा पनि दोहोऱ्याउनुभयो । गुटेरेसले सगरमाथा क्षेत्रको भ्रमण गर्दै नेपालले पछिल्लो ३० वर्षमा आफ्नो एक तिहाइ हिउँ गुमाएको तथ्यलाई उजागर गर्नुभयो । उहाँले यो सङ्कटलाई 'जलवायु परिवर्तनको भयावह अन्याय' र 'जीवाश्म इन्धन युगको कठोर अभियोग' भन्नुभयो । हिमाल पग्लिनु केवल नेपालको समस्या होइन, यो विश्वव्यापी सङ्कट हो । तर, यो सङ्कटको मुख्य जिम्मेवारी कसको हो ? यो प्रश्नले विश्वका ठूला अर्थतन्त्रहरू, ऐतिहासिक उत्सर्जन, नेपालको भूमिका र हाम्रो साझा भविष्यलाई जोड्छ ।

**जलवायु परिवर्तन र हिमाल पग्लिनु**

हिमाल पग्लिनुको प्रमुख कारण हरितगृह ग्यास उत्सर्जन हो, जसले पृथ्वीको तापक्रमलाई अस्वाभाविक रूपमा बढाइरहेको छ । कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइडजस्ता ग्यासहरू औद्योगिक गतिविधि, ऊर्जा उत्पादन, यातायात, कृषि र वन विनाशबाट उत्सर्जन हुन्छन् । यी ग्यासहरूले वायुमण्डलमा ताप अवशोषण गर्ने तह बनाउँछन्, जसले विश्वव्यापी तापमान वृद्धिलाई तीव्र बनाउँछ । हिमालय क्षेत्रमा तापमान वृद्धिको प्रभाव स्पष्ट छ, जहाँ हिउँ र हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् ।

विश्व बैङ्कको तथ्याङ्कअनुसार, हाल विश्वको सबैभन्दा ठूलो कार्बन उत्सर्जक देश चीन हो, जसले विश्वको कुल कार्बन डाइअक्साइड उत्सर्जनको करिब ३० प्रतिशत हिस्सा ओगट्छ । भारत चौथो स्थानमा छ, जसको हिस्सा करिब सात प्रतिशत छ । यी दुवै देश ठूला अर्थतन्त्र र औद्योगिक शक्ति भएका कारण तिनको उत्सर्जनले हिमाल पग्लिनुमा ठूलो भूमिका खेलेको छ । चीनको कोइला-आधारित ऊर्जा उत्पादन, तीव्र शहरीकरण र औद्योगिक विस्तारले कार्बन उत्सर्जनलाई बढाएको छ । त्यस्तै, भारतको बढ्दो जनसङ्ख्या, सवारीसाधनको प्रयोग र औद्योगिक गतिविधिले पनि हरितगृह ग्यासको मात्रा थपिरहेको छ ।

हिमालय क्षेत्रमा हिमाल पग्लिनुले हिमताल विस्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीजस्ता समस्याहरू निम्त्याएको छ । उदाहरणका लागि, नेपालको थामे गाउँमा गत वर्ष हिमताल फुट्दा आएको बाढीले दर्जनौं घर विस्थापित भए, विद्युत् संरचना ध्वस्त भयो, सडक सञ्जाल टुट्यो र बालबालिकाको शिक्षामा बाधा पुग्यो । यस्ता घटनाहरूले हिमाल पग्लिनुको प्रत्यक्ष र विनाशकारी प्रभावलाई प्रस्ट पार्छ ।

**ऐतिहासिक जिम्मेवारीः विकसित देशहरूको भूमिका**

हिमाल पग्लिनुको जिम्मेवारीलाई केवल हालका ठूला उत्सर्जक देशहरूमा सीमित गर्नु पूर्ण रूपमा न्यायसङ्गत हुँदैन । विकसित देशहरू, विशेषगरी संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र जापान, ऐतिहासिक रूपमा ठूला उत्सर्जकहरू हुन् । विश्व रिसोर्सेस इन्स्टिच्युटको तथ्याङ्कअनुसार, १८५० देखि २०११ सम्मको कुल कार्बन डाइअक्साइड उत्सर्जनमा संयुक्त राज्य अमेरिकाको हिस्सा करिब २७ प्रतिशत र युरोपेली सङ्घको २५ प्रतिशत छ । यी देशहरूले औद्योगिक क्रान्तिको समयमा ठूलो मात्रामा कार्बन उत्सर्जन गरे, जसको प्रभाव अहिले हिमाल पग्लिनु र अन्य जलवायु सङ्कटका रूपमा देखापरिरहेको छ ।

हाल पनि विकसित देशहरूको प्रतिव्यक्ति कार्बन उत्सर्जन विकासशील देशहरूको तुलनामा निकै उच्च छ । उदाहरणका लागि, अमेरिकाको प्रतिव्यक्ति कार्बन डाइअक्साइड उत्सर्जन करिब १५ टन छ, जबकि भारतको १.९ टन मात्र छ । यस्तो असमान उत्सर्जनले विकसित देशहरूको जीवनशैली र उपभोग ढाँचाले जलवायु परिवर्तनमा ठूलो योगदान दिएको देखाउँछ । उच्च मासु उपभोग, विलाशितापूर्ण जीवनशैली र ऊर्जा-खपत गर्ने प्रविधिहरूले यी देशहरूको कार्बन फुटप्रिन्टलाई बढाएको छ । त्यसैले, हिमाल पग्लिनुको जिम्मेवारीमा ऐतिहासिक र वर्तमान दुवै दृष्टिकोणबाट विकसित देशहरूको ठूलो भूमिका छ ।

**नेपालजस्ता देशको असमान बोझ**

नेपालजस्ता साना र कम उत्सर्जन गर्ने देशहरू जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा परेका छन् । नेपालको कुल कार्बन डाइअक्साइड उत्सर्जन विश्वको ०.१ प्रतिशतभन्दा कम छ, तर हिमाल पग्लिनु, हिमताल विस्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीको प्रत्यक्ष असर यहाँका समुदायहरूले भोगिरहेका छन् । हिमालय क्षेत्रका हिमनदीहरू पग्लिँदा नेपाल, भूटान र भारतका हिमाली बस्तीहरूमा बाढी, पहिरो र खडेरीको जोखिम बढेको छ । यी प्रकोपहरूले स्थानीय समुदायको जीविकोपार्जन, कृषि र पूर्वाधारमा गम्भीर क्षति पुऱ्याएको छ ।

थामे गाउँको उदाहरणले यो असमान बोझलाई प्रस्ट पार्छ । हिमताल फुट्दा आएको बाढीले गाउँको अधिकांश संरचना ध्वस्त भएको थियो । विद्यालय, स्वास्थ्य केन्द्र र सडकहरू नष्ट हुँदा स्थानीय बासिन्दाहरूको जीवन कठिन बनेको छ । यस्ता घटनाहरूले नेपालजस्ता देशहरूले आफ्नो नियन्त्रणबाहिरको सङ्कटको मूल्य चुकाउनु परेको देखाउँछ । संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले पोखराको प्रेस सम्मेलनमा अन्तरराष्ट्रिय समुदायलाई प्रभावित समुदायहरूको संरक्षण र अनुकूलनका लागि कोष वृद्धिको आह्वान गरे ।

**नेपालको भूमिका**

नेपालले जलवायु परिवर्तन र हिमाल पग्लिनुको सङ्कटलाई सम्बोधन गर्न सीमित स्रोतका बाबजुद महत्वपूर्ण प्रयासहरू गरेको छ । नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनको असमान प्रभाव र हिमाली क्षेत्रको संरक्षणको मुद्दालाई जोडदार रूपमा उठाउँदै आएको छ । पेरिस सम्झौतामा हस्ताक्षरकर्ता राष्ट्रका रूपमा नेपालले सन् २०४५ सम्ममा शुद्ध शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धता जनाएको छ । सगरमाथा संवादजस्ता पहलहरूले नेपालको जलवायु कूटनीतिलाई विश्वमाझ स्थापित गरेको छ, जुन सन् २०२५ मा मे १६-१८ मा आयोजना हुँदैछ ।

नेपाल सरकारले जलवायु परिवर्तन नीति २०७६ लागू गरेको छ, जसले जलवायु अनुकूलन, विपद् व्यवस्थापन र दिगो विकासलाई प्राथमिकता दिन्छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रसँगको सहकार्यमा हिमाली क्षेत्रमा अनुसन्धान र निगरानीलाई जोड दिइएको छ । सामुदायिक वन कार्यक्रमले कार्बन अवशोषणमा योगदान दिएको छ, जसले नेपालको वन संरक्षणमा उल्लेखनीय भूमिका खेलेको छ । नेपालको वन क्षेत्रले विश्वको कार्बन सङ्कलनमा सानो तर महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

स्थानीयस्तरमा, नेपालले हिमाली बस्तीहरूमा पूर्वसूचना प्रणाली र विपद् जोखिम न्यूनीकरणका लागि काम गरिरहेको छ । थामेजस्ता क्षेत्रमा बाढी र पहिरोको जोखिम कम गर्न सामुदायिक जागरुकता र पूर्वाधार विकासमा लगानी गरिएको छ । गैरसरकारी सङ्गठनहरूले जैविक विविधता संरक्षण, जलवायु शिक्षा र दिगो जीविकोपार्जनमा योगदान दिएका छन् । उदाहरणका लागि, स्थानीय समुदायहरूलाई जैविक कृषि र पर्यावरणीय पर्यटनमा संलग्न गराइएको छ । यद्यपि, आर्थिक र प्राविधिक सहायता अभावले यी प्रयासहरू सीमित छन् । नेपालले हरित जलवायु कोषजस्ता अन्तरराष्ट्रिय कोषमा पहुँच र प्रविधि हस्तान्तरणका लागि विश्व समुदायसँग निरन्तर पैरवी गरिरहेको छ ।

**साझा जिम्मेवारी र विश्वव्यापी सहकार्य**

हिमाल पग्लिनुको समस्यालाई समाधान गर्न विश्व समुदायले साझा जिम्मेवारी लिनुपर्छ । यो सङ्कटलाई सम्बोधन गर्न निम्न कदमहरू चाल्न सकिन्छ ।

**उत्सर्जनमा तीव्र कटौतीः** ठूला उत्सर्जक देशहरू, जस्तै चीन, भारत, अमेरिका र युरोपेली सङ्घले आफ्नो कार्बन उत्सर्जनमा तीव्र कटौती गर्नुपर्छ । नवीकरणीय ऊर्जा (सौर्य, वायु र जलविद्युत्), विद्युतीय सवारीसाधन र ऊर्जा-कुशल प्रविधिहरूमा लगानी बढाउनु जरुरी छ । पेरिस सम्झौताअन्तर्गत यी देशहरूले आफ्नो उत्सर्जन लक्ष्यलाई अझ महत्वाकाङ्क्षी बनाउनुपर्छ ।

**अन्तरराष्ट्रिय सहयोग र कोषः** नेपालजस्ता जलवायु परिवर्तनबाट प्रभावित देशहरूलाई आर्थिक र प्राविधिक सहायता प्रदान गर्नुपर्छ । हरित जलवायु कोष (ग्रिन क्लाइमेट फन्ड) र अन्य अन्तरराष्ट्रिय कोषमार्फत यस्ता देशहरूले पूर्वसूचना प्रणाली, बाढी नियन्त्रण संरचना र दिगो पुनर्निर्माणमा काम गर्न सक्छन् । प्रविधि हस्तान्तरणले पनि यी देशहरूलाई जलवायु अनुकूलनमा सहयोग पुऱ्याउँछ ।

**हिमाली क्षेत्रको संरक्षणः** सगरमाथा र हिमालयजस्ता क्षेत्रलाई विश्व सम्पदाका रूपमा संरक्षण गर्न अन्तरराष्ट्रिय सन्धिहरू लागू गर्नुपर्छ । हिमाली क्षेत्रमा अनियन्त्रित पर्यटन र विकास गतिविधिहरूलाई नियमन गर्नु आवश्यक छ । हिमनदीहरूको संरक्षणका लागि विशेष संरक्षित क्षेत्रहरू स्थापना गर्न सकिन्छ ।

**जागरूकता र शिक्षाः** जलवायु परिवर्तनप्रति विश्वव्यापी जागरूकता फैलाउन शिक्षा, मिडिया र सामुदायिक अभियानहरू सञ्चालन गर्नुपर्छ । व्यक्तिगतस्तरमा ऊर्जा बचत, फोहोर व्यवस्थापन र दिगो जीवनशैली अपनाउन प्रोत्साहन गर्न सकिन्छ । विद्यालय र विश्वविद्यालयहरूमा जलवायु शिक्षालाई अनिवार्य बनाउनुपर्छ ।

**स्थानीय समुदायको सशक्तीकरणः** हिमाली क्षेत्रका स्थानीय समुदायलाई जलवायु अनुकूलन र विपद् व्यवस्थापनमा सशक्त बनाउनुपर्छ । सामुदायिकस्तरमा पूर्वसूचना प्रणाली, आपत्कालीन योजना र दिगो जीविकोपार्जनका अवसरहरू प्रदान गर्न सकिन्छ ।

**विश्व समुदायको भूमिका :** हिमाल पग्लिनुको सङ्कटले विश्व समुदायलाई एकताबद्ध भएर काम गर्न आह्वान गरेको छ । यो केवल नेपाल वा हिमालय क्षेत्रको समस्या होइन, यो सम्पूर्ण मानव जातिको साझा चुनौती हो । हिमनदीहरू पग्लिँदा विश्वको पानीको स्रोत, कृषि र जैविक विविधतामा दीर्घकालीन प्रभाव पर्छ । हिमालय क्षेत्रका हिमनदीहरूले दक्षिण एसियाका करोडौं मानिसहरूलाई पानीको स्रोत प्रदान गर्छन् । यी हिमनदीहरू हराउँदा खडेरी, खाद्य असुरक्षा र जनसङ्ख्या विस्थापन जस्ता समस्याहरू बढ्नेछन् ।

विकसित देशहरूले आफ्नो ऐतिहासिक जिम्मेवारी स्वीकार्दै जलवायु कोषमा योगदान बढाउनुपर्छ । उनीहरूले विकासशील देशहरूलाई नवीकरणीय ऊर्जा र जलवायु अनुकूलन प्रविधिहरूमा सहयोग गर्नुपर्छ । त्यस्तै, चीन र भारतजस्ता उदीयमान अर्थतन्त्रहरूले आफ्नो आर्थिक

बाँकी तीन पृष्ठमा

# सवारीसाधन अनुमपतिपत्र छपाइको तयारी गर्दै सञ्चार मन्त्रालय

काठमाडौँ, २८ वैशाख (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सुरक्षण मुद्रण केन्द्रमार्फत सवारीसाधन अनुमतिपत्र (लाइसेन्स) छाप्ने तयारीमा जुटेको छ।

आइतबार यहाँ सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाबीच भएको छलफल मुलुकभित्रै सवारीसाधन अनुमतिपत्र छाप्नसक्ने विषयमा अनौपचारिक सहमति भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

छलफलमा मन्त्रीद्वय, सञ्चारसचिव राधिका अर्याल, यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, केन्द्रका कार्यकारी निर्देशक ढुङ्गानालगायत कर्मचारीको उपस्थिति थियो।

सञ्चारमन्त्री गुरुङले सुरक्षण मुद्रण केन्द्रमार्फत सवारीसाधन अनुमपतिपत्र छाप्ने विषय अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै यसका लागि प्राविधिक र जनशक्तिको प्रबन्ध गर्ने प्रतिबद्धता जनाउनुभयो। "मन्त्रालयको महत्त्पूर्ण योजनामध्ये मुद्रण केन्द्रलाई नियमित सञ्चालन गर्नु पनि एक हो। यथाशीघ्र केन्द्रमार्फत छपाइको काम सुरुआत गर्नेछौँ। त्यसका लागि आवश्यकपर्ने भौतिक र प्राविधिक तयारीमा लाग्नेछौँ", उहाँले भन्नुभयो।

मन्त्री गुरुङले स्वदेशमा आवश्यक कागजात छाप्नु भनेको देशको स्वाभिमान र गौरवका साथै रोजगारीका अवसर सृजना हुने भएकाले सरकारका छपाइसम्बन्धी कार्य केन्द्रमार्फत गर्ने तयारी भइरहेको बताउनुभयो। स्वदेशमा आयआर्जन हुनुका साथै रोजगारीका अवसर पनि सृजना हुने भएकाले यथाशीघ्र छपाइलाई निरन्तरता दिने उहाँले उल्लेख गर्नुभयो।

यातायातमन्त्री दाहालले सरकार नयाँ र महत्त्वपूर्ण कार्यको सुरुआत गरेर जनतामा सकारात्मक र भरोसापूर्ण सन्देश छोड्नुपर्ने धारणा राख्नुभयो। उहाँले सञ्चार मन्त्रालयसँग यथाशीघ्र सहकार्य गरेर सुरक्षण मुद्रण केन्द्रसँग लाइसेन्स छापाइसम्बन्धी लिखित सम्झौता गरिने प्रतिबद्धता जनाउनुभयो।

सञ्चार सचिवसमेत रहनुभएकी सुरक्षण मुद्रण केन्द्रकी अध्यक्ष अर्यालका अनुसार छलफलमार्फत सञ्चार मन्त्रालयले सवारीसाधन अनुमपतिपत्र छाप्न सकिने निर्ष्कष निकालेको छ। केन्द्रका कार्यकारी निर्देशक ढुङ्गानाले छलफलमा उठेका विषयलाई सञ्चालक समितिको बैठकमा प्रस्ताव पेस गरेर सम्झौतामा हस्ताक्षर गर्नेदेखि छाप्ने मिति तय गरिने जानकारी दिनुभयो। "अहिले छलफल मात्रै भएको हो। कहिले छाप्ने भन्ने मिति तय भएको छैन", उहाँले भन्नुभयो।

छलफलले करिब ३० लाख लाइसेन्स छाप्नसक्ने निष्कर्ष निकालेको छ। दुई वर्षअघि सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसहित नौ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरिएको थियो। त्यसपछि कार्यकारी निर्देशकविहीन भएको केन्द्र निष्क्रिय बनेको थियो।

सञ्चारमन्त्री गुरुङले निष्क्रिय अवस्थामा रहेको केन्द्रलाई पुनःजीवित बनाउन छपाइसम्बन्धी प्रक्रिया सुरु गर्न जरुरी रहेको बताउनुभयो। कर्मचारीविहीन केन्द्र सञ्चालनका लागि कार्यकारी निर्देशक ढुङ्गानालाई नियुक्त गरिएको थियो। उहाँ आएपछि छपाइ कार्य सुरु गर्न लागिएको हो।

सञ्चारमन्त्री गुरुङले छापाखाना प्रविधियुक्त बनाउन, कर्मचारी व्यवस्थापनलगायत विषय प्रभावकारी बनाउन आवश्यक तयारी थालिएको बताउनुभयो। कुनै पनि नेपाली कागजात बाहिर छाप्नु नपर्ने भन्दै हुलाक टिकट, राहदानी ( पासपोर्ट), राष्ट्रिय परिचयपत्रलगायत कागजपत्र स्वदेशमा छापाइ हुँदा देशको राजस्वमा टेवा पुग्ने उहाँको भनाइ छ।

मन्त्री गुरुङले एक-दुई दिनभित्र लाइसेन्स छाप्ने विषयमा यातायात मन्त्रालय र केन्द्रसँग सहमति गरी छपाइ थालिने स्पष्ट पार्नुभयो। "यही वर्षभित्र छपाइ सुरु गर्छौं। एक-दुई दिनमा लिखित सहमति गरेर बाँकी प्रक्रिया सुरु गर्छौं", उहाँले भन्नुभयो।

# राष्ट्रपति र उपराष्ट्रपति कार्यालयमा एउटै कर्मचारी व्यवस्था गर्नुपर्ने सुझाव

काठमाडौँ, २८ वैशाख (रासस)।

प्रतिनिधिसभाको आइतबारको बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयका कर्मचारी एउटै रहने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभएको छ। सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथि टिप्पणी गर्दै उहाँले खर्च कटौतीका लागि राष्ट्रपति र उपराष्ट्रपति कार्यालयका कर्मचारी एउटै हुने व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गर्नुभएको हो।

"सार्वजनिक ऋण अहिले २६ अर्बभन्दा बढी पुगेको छ। राजस्वले साधारण खर्च धान्ने अवस्था छैन। यसका लागि खर्च कटौती कसरी गर्न सकिन्छ, त्यसमा ध्यान दिनुपर्छ", सांसद खतिवडाले भन्नुभयो, "राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयका कर्मचारी एउटै रहने निवास फरक रहने अवस्था भयो भने यसले खर्च कटौतीमा सहयोग पुग्छ।"

राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिको जिम्मेवारीमासमेत रहनुभएका खतिवडाले सरकारसँग संसद्लाई 'बिजनेस' दिन माग गर्नुभयो। उहाँले उहाँले संविधान संशोधनका लागि संसदीय समितिमा उठिरहेको विषयतर्फसमेत ध्यानाार्कषण गराउनुभयो।

सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद दीपकबहादुर सिंहले सरकारसँग नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको तलब र सुविधा वृद्धिको माग गर्नुभयो। उहाँले वैदेशिक रोजगारीको बाध्यात्मक स्थितिको अन्त्यका लागि आन्तरिक रोजगारीको आर्कषण बढाउन तलब वृद्धि आवश्यक रहेको धारणा राख्नुभयो।

छलफलका क्रममा आम जनता पार्टीका सांसद प्रभु साहले वैधानिक बाटोबाट विप्रेषण भित्र्याउनका लागि सहजीकरण गर्न सरकारको ध्यानार्कषण गराउनुभयो। नीति तथा कार्यक्रममाथि टिप्पणी गर्दै उहाँले संरक्षित वन, जङ्गललाई आम्दानीको स्रोत बताउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो। उहाँले प्राकृतिक स्रोतसाधनको अधिकतम सदुपयोग गर्नपर्नेमा जोड दिनुभयो। "जङ्गल संरक्षण गर्न झण्डै ३० अर्ब खर्च गर्छौं। त्यसबाट हाम्रो आम्दानी कति हुन्छ ?", सांसद साहले प्रश्न गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) का सांसद शेरबहादुर कुँवरले आमनागरिकमा आएको निराशा अन्त्य गर्दै रोजगारी, शिक्षा, सहज स्वास्थ्य, कृषि, पर्यटनलगायत विषय केन्द्रमा राखेर आगामी आवको बजेट विनियोजन गरिनुपर्नेमा जोड दिनुभयो।

# देशको आवश्यकतालाई प्राथमिकतामा राखेर बजेट प्रस्तुत हुनुपर्ने

काठमाडौँ, २८ वैशाख (रासस)।

राष्ट्रियसभाको आइतबारको बैठकमा नेपाली कांग्रेस संसदीय दलको नेता कृष्णप्रसाद सिटौलाले जनताका चाहना र मुलुकको आवश्यकतालाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुपर्ने बताउनुभएको छ।

आगामी आवको नीति तथा कार्यक्रममा समावेश भएका विकास-निर्माणका कार्यक्रमका निम्ति पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

शिक्षा विधेयक, निजामति सेवा विधेयक, प्रहरी ऐन जस्ता महत्वपूर्ण कानुन यसै अधिवेशनबाट पारित गर्ने विषय नीति तथा कार्यक्रममा समावेश हुनु सकारात्मक पक्ष भएको बताउँदै सांसद सिटौलाले शान्तिप्रक्रिया सम्बन्धी बाँकी काम चाँडै निष्कर्षमा पुऱ्याउन सत्ता र प्रतिपक्ष मिल्नुपर्छ भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का सांसद गोपीबहादुर सार्की (अछामी) ले मजदुर, किसान, दलित, महिला तथा पिछडिएका क्षेत्रका जनताका अपेक्षानुसार आगामी आवको बजेट प्रस्तुत हुनुपर्ने बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) का सांसद मदनकुमारी शाहले नीति तथा कार्यक्रममा समावेश भएका विकास-निर्माणका आयोजनालाई व्यवस्थित ढङ्गले कार्यान्वयन गर्नुभयो। राष्ट्रिय सहमति कायम गरेर संविधान संशोधन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

नेकपा (एमाले) का सांसद सोनाम गेल्जेन शेर्पाले राष्ट्रको ढुकुटी हेरेर बजेट बनाउनुपर्नेमा जोड दिँदै विगतको तुलनामा यो वर्ष नीति तथा कार्यक्रम नयाँ ढङ्गले आएको बताउनुभयो।

## *हिमाल पग्लिनुमा...*

विकासलाई दिगो बनाउन जीवाश्म इन्धनमा निर्भरता घटाउँदै नवीकरणीय ऊर्जामा लगानी गर्नुपर्छ।

**निष्कर्ष**

हिमाल पग्लिनुको जिम्मेवारी कुनै एक देशको मात्र होइन, यो विश्व समुदायको साझा दायित्व हो। चीन र भारतजस्ता ठूला अर्थतन्त्रहरूको हालको उत्सर्जन र विकसित देशहरूको ऐतिहासिक योगदानले यो सङ्कटलाई गहिरो बनाएको छ। नेपालले आफ्नो सीमित स्रोतका बाबजुद जलवायु कूटनीति, नीतिगत पहल र सामुदायिक प्रयासहरूमार्फत हिमाल संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवको भ्रमण र उहाँको आह्वानले यो सङ्कटको विश्वव्यापी महत्वलाई थप उजागर गरेको छ। तर, यो सङ्कटको सामना गर्न अन्तरराष्ट्रिय सहयोग अपरिहार्य छ। सगरमाथा र हिमालय सम्पूर्ण मानव जातिको साझा सम्पत्ति हुन्। यिनलाई जोगाउन विश्व समुदायले आजैदेखि हातेमालो गर्नुपर्छ। हिमालमा 'जीवन' फर्काउन हाम्रो साझा प्रयास र प्रतिबद्धता आवश्यक छ।

## विश्व समाचार

# कश्मीरमा ट्रम्पको मध्यस्थता प्रस्तावमा कुनै तेस्रो पक्षको भूमिका छैनः भारतीय परराष्ट्रविद्

नयाँदिल्ली, २८ वैशाख (रासस/एएफपी)।

भारतका परराष्ट्रमामिलाबारे जानकार रबिन्दर सचदेवले काश्मिरमा कुनै पनि तेस्रो पक्षको भूमिका नहुने भारतको अडान दोहोऱ्याउनु भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कश्मीरमा मध्यस्थताको प्रस्ताव गरेको विषयमा बोल्दै उहाँले यस्तो टिप्पणी गर्नुभएको हो।

समाचार एजेन्सी एएनआईसँग कुरा गर्दै सचदेवले भन्नुभयो, "हाम्रो मामिलामा कुनै पनि तेस्रो पक्षको भूमिका छैन।""अमेरिका एक महाशक्ति हो र अमेरिकासँग भारतको राम्रो र रणनीतिक सम्बन्ध छ", सचदेवले भन्नुभयो, "उहाँ (राष्ट्रपति ट्रम्प) शान्ति प्रवर्द्धक बन्न चाहनुहुन्छ।"

अमेरिकाले युक्रेन र गाजासँग मध्यस्थताको प्रस्ताव गरिरहेका थुप्रै उदाहरणमाथि प्रकाश पार्दै उहाँले भन्नुभयो, "यी अझै पनि शान्ति प्रक्रियामा पुग्न सकेका छैनन्।"

सचदेवले भन्नुभयो, "उहाँले युक्रेनसँग खेलिरहनुभएको छ, जुन अझै पनि शान्ति ढाँचामा पुगेको छैन। गाजामा पनि शान्ति स्थापना हुन सकेको छैन।"ट्रुथ सोसलमा एक पोस्टमा ट्रम्पले अमेरिकाले मध्यस्थतामा शान्ति स्थापना गर्न सहयोग गरेको र काश्मिरको समाधानका लागि मध्यस्थता गर्ने प्रस्ताव गरेको दाबीलाई निरन्तरता दिनुभएको छ। भारतीय परराष्ट्रमामिलाविद् सचदेवले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले तपाईंलाई यो ऐतिहासिक र वीरतापूर्ण निर्णयमा पुग्न मद्दत गर्न सक्षम भयो। मलाई गर्व छ।"

राष्ट्रपति ट्रम्पले लेख्नुभएको छ, "म उनीहरूसँग छलफल नै नभए पनि म यी दुवै महान् राष्ट्रसँग व्यापारमा उल्लेख्य वृद्धि गर्न गइरहेको छु।" ट्रम्पले भन्नुभएको छ, "यसबाहेक, कश्मीरको बारेमा कुनै समाधानमा पुग्न सकिन्छ कि भनी म तपाईहरूसँग काम गर्न चाहेको छु। भगवान्ले भारत र पाकिस्तानको नेतृत्वलाई राम्रो काम गर्न आशीर्वाद दिनुहोस्।"

भारतले पटक-पटक जम्मू-कश्मीरको विषयमा तेस्रो पक्षको हस्तक्षेपलाई अस्वीकार गर्दै आएको छ र यो क्षेत्र भारतको अभिन्न अङ्ग हो भन्ने स्पष्ट अभिव्यक्ति दिँदै आएको छ। सचदेवले भन्नुभयो, "भारत अमेरिकासँग 'बहुआयामिक रणनीतिक मोर्चा'मा सहकार्य गर्न आतुर छ।"

एएनआईसँगको कुराकानीमा उहाँले भारतले पाकिस्तानविरुद्ध चालेको कदमको प्रशंसा गर्दै भन्नुभयो, "विश्व र पाकिस्तानका लागि यो सन्देश गएको छ कि भारतको सिद्धान्त अब 'टिट फर ट्याट' को हुनेछ।"

सचदेवले थप्नुभयो, "मलाई लाग्छ कि यो भारतको तर्फबाट पनि राम्रो सामान्य ज्ञान हो। हामीले युद्धमा नफसेर आफ्नो आर्थिक शक्ति, हाम्रो व्यापक राष्ट्रिय शक्ति निर्माणमा ध्यान केन्द्रित गर्नुपर्छ।"

अमेरिकी राष्ट्रपति ट्रम्पले दुई देशबीचको सम्भावित आणविक परिणामको उल्लेख गर्दै भन्नुभयो, "भारत र पाकिस्तानबीचको शत्रुता अन्त्य भएकोमा स्वागत गर्दै यदि शान्ति कायम नभएको भए लाखौँ मानिसको ज्यान जान सक्ने बताउनुभएको छ।"

# आइपिएल प्रमुखहरू युद्धविरामपछि पुनः सुरु गर्नेबारे वार्तामा

नयाँदिल्ली, २८ वैशाख (रासस/एएफपी)।

भारत र पाकिस्तानले आफ्नो घातक सीमा विवादमा युद्धविराम गर्न सहमति गरेपछि भारतीय क्रिकेट नियन्त्रण बोर्डका अधिकारीहरू आइतबार इन्डियन प्रिमियर लिग (आइपिएल) छिटो पुनः सुरु गर्नेबारे छलफल गर्न बैठक बसिरहेको बताइएको छ।

आणविक-सशस्त्र छिमेकी भारत र पाकिस्तानले शनिबार शत्रुताको अन्त्य गर्न आह्वान गरे र भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) सचिव देवजित सैकियाले क्रिकबज वेबसाइटलाई उहाँहरूले 'विकसित परिस्थितिलाई नजिकबाट अनुगमन गरिरहेको' बताउनुभएको छ।

सैकियाले भन्नुभयो, "आइपिएलका सबै सरोकारवाला र सम्बन्धित सरकारी अधिकारीहरूसँग परामर्श गरेपछि आइपिएल पुनः सुरु गर्ने बारे निर्णय लिइनेछ।"

बिसिसिआईका उपाध्यक्ष राजीव शुक्लाले भारतीय मिडियालाई भविष्यको कार्ययोजना निर्धारण गर्न आइतबार बैठक बस्ने बताउनुभएको छ। उत्तरी सहर जम्मूबाट दुई सय किलोमिटरभन्दा कम दूरीमा रहेको धर्मशालामा पञ्जाब किङ्ग्स र दिल्ली क्यापिटलबीचको खेल रद्द भएको एक दिनपछि शुक्रबार इन्डियन प्रिमियर लिग (आइपिएल) एक हप्ताका लागि स्थगित गरिएको थियो।

हवाई क्षेत्र बन्द भएकाले शुक्रबार खेलाडीहरूलाई दिल्ली फर्काउन विशेष रेलको व्यवस्था गरिएको थियो भने विदेशी खेलाडीहरू शनिबारदेखि घर फर्कन थालेका थिए।

आइतबार टोलीहरूले आफ्ना विदेशी खेलाडीहरू र प्रशिक्षण स्टाफलाई फर्काउनेबारे सम्पर्क गरिरहेको रिपोर्ट गरिएको छ र इएसपिएनक्रिकइन्फो वेबसाइटले सरकारबाट अनुमति मिल्ने भए आइपिएल मे १५ को आसपासमा पुनः सुरु हुनसक्ने जनाएको छ।

नियमित सिजनका १२ खेल खेल्न बाँकी छन्। त्यसपछि तीन प्लेअफ खेल र फाइनल खेल खेलिनेछन्। फाइनल खेल मूल रूपमा मे २५ मा हुने तय गरिएको थियो।

भारत र पाकिस्तानले काश्मीरलाई लिएर आफ्ना तीनवटा पूर्ण-स्तरका युद्धमध्ये दुईवटा लडेका छन्। यो विवादित क्षेत्रलाई दुवैले पूर्ण रूपमा दावी गर्छन् तर सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्रता प्राप्त गरेदेखि यसका अलग-अलग भागको प्रशासन गर्दै आएका छन्।

नयाँदिल्लीले बुधबार बिहान दुई हप्ताअघि भारत नियन्त्रित काश्मीरमा पर्यटकहरूमाथि भएको घातक आक्रमणको जवाफमा मिसाइल आक्रमण गरेको थियो। पर्यटकमाथि भएको आक्रमणका लागि भारतले पाकिस्तानलाई दोष दिएको छ।

इस्लामाबादले कुनै पनि संलग्नतालाई अस्वीकार गरेको छ। बुधबारदेखि सीमाका दुवैतर्फ कम्तीमा ६० जनाको मृत्यु भएको छ। यो दक्षिण एसियाली यी दुई छिमेकीबीच दशकौँमा सबैभन्दा खराब हिंसा हो।

# प्रेस सेन्टरद्वारा दश बुँदे माग राख्दै प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता राजविराज, २८ बैशाख ।**

प्रेस सेन्टर नेपाल सप्तरीले विभिन्न १० बुँदे माग राख्दै प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई ज्ञापन पत्र बुझाएको छ ।

सेन्टर सप्तरीका अध्यक्ष बिन्दु कुमार यादवको नेतृत्वमा पुगेको टोलीले आइतबार प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत उक्त ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्रमा कथित राजावादी समूहले जिउँदै जलाएर पत्रकार सुरेश रजकको हत्यामा संलग्न समूहका नाइकेहरुलाई कानूनी कारबाही गर्न र पत्रकार रजकलाई सहीद घोषणा तथा परिवारलाई उचित राहत प्रदान गर्न माग गरिएको छ ।

त्यस्तै पत्रकारको हत्या, आक्रमण, भौतिक तथा पेशागत असुरक्षा, प्रेस स्वतन्त्रताहननका घटनाको बढोत्तरी र निर्माणाधिन सञ्चारसँग सम्बन्धितकानुनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुच नगर्ने कतिपय प्रावधानबाट प्रेस सेन्टर नेपाल चिन्तित र गम्भिर बनेको ज्ञापनपत्रमा उल्लेख छ ।

परिवर्तनका लागि कलम चलाएकै कारणले तत्कालीन राज्यबाट हत्या गरिएका महान् सहिद कृष्ण सेन 'इच्छुक' सहितका पत्रकारका हत्यारालाई कानूनी दायरामा ल्याउन र राज्यबाट बेपत्ता पारिएका पत्रकारहरु दीपेन्द्र शर्मा (दण्डपाणि न्यौपाने), मिलन नेपाली, चित्रनारायण श्रेष्ठ, राजेन्द्र ढकालको अवस्था तत्काल सार्वजनिक गर्न माग समेत गरिएको छ ।

पत्रकारको दक्षता अभिवृद्धिका लागि गठन गर्ने भनिएको आम सञ्चार प्रशिक्षण प्रतिष्ठान तत्काल गठन गर्न माग तथा पत्रकार वृत्तिकोषको कार्यान्वयनका लागि जारी गरिएको मापदण्ड तत्काल परिमार्जन गरेर जेष्ठ पत्रकारले सहज ढंगले वृत्तिकोषबाट लाभ लिन सक्ने प्रवन्ध गर्न ध्यानाकर्षण गराइएको छ ।

नेपाल सरकारले दिँदै आएको लोककल्याणकारी विज्ञापनलाई बजेटमार्फत शतप्रतिशत वृद्धि र विज्ञापन ऐनमा भएको व्यवस्था अनुसार तत्काल सबै प्रकारका सञ्चार माध्यमले पाउने गरी समानुपातिक विज्ञापन वितरण प्रणाली लागू गर्नुका साथै स्थानीय विज्ञापनमा स्थानीय सञ्चारमाध्यमलाई प्राथमिकता दिन र केन्द्रबाट वितरण हुने सरकारी विज्ञापन स्थानीय तहका सञ्चारमाध्यमले समेत पाउनेगरी समानुपातिक वितरण प्रणाली लागू गर्न तथा अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन लगायतका ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

# दुबै सदनबाट नीति तथा कार्यक्रम पारित

**दैनिक समाचारदाता काठमाडौँ, २८ वैशाख ।**

प्रतिनिधिसभा र राष्ट्रियसभाको आइतबारको बैठकबाट आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ ।

प्रतिनिधिसभाका बैठकमा सभामुख देवराज घिमिरेले आर्थिक वर्ष २०८२/८३ का नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गरेका हुन् ।

यही वैशाख १९ गते नीति तथा कार्यक्रम सदनमा प्रस्तुत भएको थियो । त्यसमा वैशाख २२ देखि २८ गतेसम्म निरन्तर छलफल भएको थियो । छलफलको अन्तिम दिन आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिएका थिए ।

बैठकमा नीति तथा कार्यक्रममाथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । नीति तथा कार्यक्रममाथि एकल र संयुक्त गरी कूल ३७ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । ती सबै अस्वीकार भएका थिए ।

यस्तै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सभामा नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गरे । सरकारले सभामा पेस गरेका नीति तथा कार्यक्रमका विविध बुँदामा सांसदहरूद्वारा प्रस्तुत संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएका थिए ।

# सहमतिका आधारमा संविधान संशोधनको प्रक्रिया थालिने

काठमाडौँ, २८ वैशाख (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सहमतिका आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सरकार गठनका बेला संविधानको समीक्षा गर्ने प्रतिबद्धता, त्यसका सबल पक्षलाई सुदृढ गर्दै कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी सच्च्याउने प्राथमिकताको स्मरण गर्दै उहाँले संविधान संशोधनको प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

सरकारका नीति तथा कार्यक्रमसम्बन्धी छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले दलहरुबीचको स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, सहकार्य र सहअस्तित्वको नीतिमा राजनीतिक स्थायित्वलाई निरन्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने प्रयास जारी रहने पनि स्पष्ट गर्नुभयो ।

"संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने प्रतिबद्धता छ । यसविरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने दृढता व्यक्त गरिएको छ", प्रधानमन्त्रीले भन्नुभयो, "म विश्वास गर्छु । जनताको बलिदान खेर जान नदिने, प्राप्त उपलब्धिको रक्षा एवं प्रवर्द्धन गर्ने प्रस्तुत नीतिमा यस सम्मानित सदन एक हुनेछ ।"

# विदेशमा अलपत्र परेका नेपालीको उद्धार गर्न माग

काठमाडौँ, २८ वैशाख (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले वैदेशिक रोजगारीमा अलपत्र परेका नेपालीको तत्काल उद्धार गर्न माग गर्नुभएको छ ।

बैठकको आकस्मिक समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ज्ञानबहादुर शाहीले साउदी अरेबियाको जुबेलमा चार सय ६९ नेपाली बन्धक बनाइएको भन्दै उहाँहरूको तत्काल उद्धारका लागि सरकारसँग माग गर्नुभयो । उहाँले विदेशी भूमिमा बन्धक बनाइएका नेपालीको उद्धारका लागि परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानार्कषण गराउनुभयो ।

वैदेशिक रोजगारीमा जाने नेपालीहरू निरन्तर ठगीमा परिरहेकातर्फ सचेत गराउँदै विदेशी मुलुकमा समस्यामा रहेका नेपालीको समयमा उद्धार गर्न माग गर्नुभयो ।

नेपाली कांग्रेसकी सांसद रमा कोइराला पौडेलले श्रमिकको हकहितको संरक्षण गर्दै समग्र श्रम क्षेत्रको व्यवस्थापनका लागि त्रिपक्षीय श्रम आयोग स्थापनाको माग गर्नुभयो । सरकार, रोजगारदाता, श्रमिकको प्रतिनिधित्वसहित आयोगको व्यवस्था गर्दै वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गर्न सकिने उहाँले धारणा राख्नुभयो । उहाँले जुम्लाको गुठीचौरमा अवरुद्ध विद्युत् आपूर्ति नहुँदा स्थानीयले भोग्नु परेको सास्तीतर्फ सरकारको ध्यानार्कषण गराउनुभयो ।

नेपाली कांगेसका सांसद रामकृष्ण यादवले धनुषा जिल्लास्थित कमला नगरपालिका-५ मा आगलागीबाट पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउन र पीडितको पुनःस्थापनाका लागि माग गर्नुभयो ।

# निजामती विधेयकमा 'कुलिङ पिरियड' दुई वर्ष राख्नुपर्नेमा सांसदहरूको जोड

काठमाडौँ, २८ वैशाख (रासस) ।

राज्यव्यवस्था समितिका सदस्यले निजामति विधेयकमा 'कुलिङ पिरियड' दुई वर्ष राख्नुपर्नेमा जोड दिनुभएको छ ।

समितिको आइतबारको बैठकमा उहाँहरुले विधेयकमा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको मितिले दुई वर्ष पूरा नभइ कुनै पनि संवैधानिक वा अन्य सार्वजनिक पदमा नियुक्त नपाउने व्यवस्था हुनुपर्नेमा जोड दिनुभएको हो ।

बैठकमा गृहमन्त्री रमेश लेखकले 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' लाई समितिले पारित गर्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा सो विधेयकको अन्तिम मस्यौदा प्रतिवेदनमाथिको छलफलमा उहाँले भन्नुभयो, "विधेयकमा अब उमेरको हदबन्दी र कुलिङ पिरियडको विषयमा पनि तपाईहरुले सहमति गर्नुपर्छ, किनभने हामीले विगतलाई हेर्ने हो भने सहमतिमा नै निर्णय गरेका छौँ ।"

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डले सो व्यवस्थालाई कम्तीमा दुई वर्ष राख्नुपर्नेमा जोड दिनुभयो ।

समितिका सदस्य पदम पगरीले विधेयकमा अन्तर प्रदेश सरकारको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी सांसद बुद्धिमान तामाङले विधेयकमा कर्मचारी ट्रेड युनियन खोल्न पाउने व्यवस्था राख्न नहुनेमा जोड दिनुभयो ।

समितिका अर्का सदस्य चित्रबहादुर केसीले आफ्नो कार्यालय समयभन्दा बाहेकको समयमा अध्यापन गराउन पाउनुपर्ने व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विधेयकमा 'उमेर हदको सवालमा ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आर्थिक वर्षको ६ महिनासम्म ५८ वर्ष छ महिना, सो भन्दामाथिको अवधि समाप्त भएपछिको एक वर्षसम्म ५९ वर्ष ६ महिना र त्यसभन्दा माथिको सबै अवधि समाप्त भएपछिको ६ महिनासम्ममा ६० वर्ष' को व्यवस्था गरिएको छ ।

### पोखरीको सौन्दर्यकरण ...

ठाकुरको भनाई छ ।

उनले स्थानीयवासीको धेरै दिनदेखीको चाहनालाई पुरा गर्दै हुनलागेको पोखरी सौन्दर्यकरण अन्तरगत चारैतिर पूजाघाट र बगैंचा निर्माण गर्ने योजना रहेको जानकारी समेत दिइन् । उनले यस वर्ष उपलब्ध बजेटबाट पोखरीको दुई साइडमा बाँकी रहेको छठघाट निर्माण, सौन्दर्यकरण तथा कटानबाट जोगाउन तटबन्ध लगायतका निर्माण कार्यको थालनी गरेर आगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने थपबजेटलाई क्रमशः पोखरीको थप सौन्दर्यकरण र सेवा सुविधा बृद्धि लगायतका काममा खर्चिने प्रतिबद्धता समेत जनाइन् ।

त्यस्तै वर्षौंदेखी वर्षायामका बेलामा भलुवाही खोलाले गर्ने कटान र त्यसबाट हुने क्षति रोक्न थालिएको निर्माण कार्य सम्पन्न भएपछी यस बस्ती र आसपासका सयौं जनता लाभान्वित हुने स्थानीयवासी लक्ष्मण यादवको भनाई छ ।

आगामी जेठ मसान्त भित्रै निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य सुरु भएको नगरपाकिाले जनाएको छ । शिलान्यास समारोहमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, वडाअध्यक्ष बन्दुलाल दास, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज माझी, यूवा नेता इर्साद अन्सारी, पार्थो सरकार, संजय झाका ठूलो संख्यामा स्थानीयवासी सहभागि भएका थिए ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : तिरहुत गाउँपालिका**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*